CARE Nepal
4/288 - Samata Bhawan
Dhobighat, Lalitpur
P.O. Box 1661
Kathmandu, Nepal
tel 977-1-5522800
fax 977-1-5521202
e-mail carenepal@care.org
website www.carenepal.org

Celebrating 35 years in Nepal

मिति: २०७२ फागुन ५

## हामी आभारी छौ ।

सफल महिला उद्यमी अभिप्रेरणा अभियानलाई सार्थक बनाउन यहाँहरुको संस्थागत र व्यक्तिगत सहयोग निकै सराहनिय र प्रसंसायोग्य कार्यप्रति हामी केएर नेपाल कृतज्ञ रहेका छौ । हामीले विभिन्न माध्यमबाट करिब ४६ जिल्लाको २६० जना महिला उद्यमीहरुको आवेदन पाएका थियौ । हामीलाई प्राप्त सम्पूर्ण आवेदनमध्ये निर्णायक समितिले संघर्ष पछि सफलताको कथा र अन्य मापदण्डलाई आधार बनाई कुल आवेदनको २५ प्रतिशत सख्या अर्थात ६५ जना महिला उद्यमीहरुलाई अर्न्तवार्ताको लागि छनोट गरेको छ । यस उपलब्धीमा हामी सबैको सकारात्मक सहयोग रहेको छ ।

**अर्न्तवार्ताका नियमहरुः**

- अर्न्तवार्तामा सहभागि हुने महिला उद्यमीहरुलाई भौगालिक निकटताको आधारमा तीनवटा प्रस्तावित क्षेत्र बुटवल, नेपालगञ्ज वा ईटहरीमा मध्य एक क्षेत्रमा बोलाईनेछ ।
- आवेदनका आधारमा छनोट महिला उद्यमीहरुलाई पूर्व सूचना प्रदान गरि अर्न्तवार्ताका लागि बोलाईनेछ । अर्न्तवार्तामा उपस्थित हुन नसक्ने सहभागि सो त छनोट पक्रियाबाट बाहिरिनेछ ।
- अर्न्तवार्ता दिन आँउदा सक्कल नागरिकता अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।
- महिला उद्यमीले प्रस्तुत गर्ने संघर्ष पछि सफलताको कथा बढिमा दुईपेजमा लिखित रुपमा ल्याउनुपर्नेछ र त्यो भन्न सक्ने हुनुपर्नेछ । आफुले प्रस्तुत गर्ने कथा काल्पनिक भएमा स्वत अमान्य हुनेछ ।
- छनोटमा परेका महिला उद्यमीले उत्पादन हकमा सम्भव भएसम्म आफुले उत्पादन गरेको वस्तु ल्याउनुपर्नेछ वा त्यसको फोटाहरु अनिवार्य ल्याउनुपर्नेछ र सेवामुखी व्यवसाय भएमा उद्यमीहरुले त्यसको फोटो अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ ।
- अर्न्तवार्ता सम्पूर्ण कार्यक्रम पश्चात उत्कृष्ट १५ महिला उद्यमीहरुको नामावली सार्वजनिक गरिनेछ र उत्कृष्ट १५ मा पर्न सफल महिला उद्यमीहरुको परिचय, संघर्ष र व्यवसाय झल्कने गरि श्रव्यदृश्य सामाग्री निर्माण गरिनेछ । श्रव्यदृश्य सामाग्री निमार्ण पश्चात अन्य महिलाहरुलाई उत्प्रेरणा दिने उदेश्यले सञ्चार माध्यम र सार्वजनिक स्थलमा देखाईनेछ ।
- विभिन्न सार्वजनिक कार्यक्रममा आफ्ना सफलताका कथा व्यक्त गर्न मनोवैज्ञानिक ढंगले तयार हुनुपर्नेछ यद्यपी त्यसको व्यवस्थापन केएर नेपालले गर्नेछ ।
- कार्यक्रमको अन्तिम निर्णय निर्णायक समितिमा रहनेछ ।

**महिला उद्यमीको खर्च व्यवस्थापन**

- अर्न्तवार्ता दिन आउने महिला उद्यमीहरुको आफ्नो क्षेत्रबाट अर्न्तवार्ता स्थलसम्म सडक मार्गबाट आउने खर्च केएर नेपालले व्यहोर्नेछ । तर त्यसका लागि बसको टिकट अनिवार्य बुझाउनुपर्ने छ ।
- कार्यक्रम अवधीभर वास तथा खानाको व्यवस्थापन केएर नेपालले गर्नेछ ।
- अर्न्तवार्ता दिन आउने क्रममा उद्यमी बाहेक अरु कोहि आफन्त वा अन्य व्यक्ति सहभागि भएका त्यस व्यक्तिको खर्च उद्यमी स्वयमले व्यहोनुपर्नेछ ।
- अर्न्तवार्तामा सहभागी उद्यमीहरुलाई प्रमाण पत्र एवं मायाको चिनो प्रदान गरिनेछ ।

**विस्तृत जानकारी केहि चाहिएमा :कमल चौलागाई ९८४११६५०५६**
**सुमन गिरी. ९८१३०४३१७९**
**धन्यवाद**

care